किस्पाङ गाउँपालिकाको गाउँसभाको स्रोह्रौ अधिवेशनमा उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपाने द्धारा प्रस्तुत
आर्थिक वर्ष २०८२/८३ को

# बजेट

किस्पाङ गाउँपालिका कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

**किस्पाङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**काहुले, नुवाकोट**

**बागमती प्रदेश, नेपाल**

**मितिः२०८२/०३/१० गते रोज ३ शुभम्**

किस्पाङ गाउँपालिकाको गाउँसभाको सोह्रौ अधिवेशनमा उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपाने द्धारा प्रस्तुत
आर्थिक वर्ष २०८२/८३ को

# बजेट

**किस्पाङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काहुले, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**मितिः२०८२/०३/१० गते रोज ३ शुभम्**

<u>बजेट वक्तव्य</u>

किस्पाङ गाउँपालिकाको गाउँसभाको सोह्रौ अधिवेशन मिति २०८२।०३।१० गते मंगलबारका दिन उपाध्यक्ष श्री अर्जुन प्रसाद न्यौपानेले प्रस्तुत गर्नु भएको बजेट वक्तव्य ।

<u>आदरणीय सभाका अध्यक्षज्यू</u>

<u>सभाका सदस्यज्यूहरु,</u>

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट वक्तव्य पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु। सर्वप्रथम नेपालमा लोकतन्त्र स्थापनाका लागि नेपाली जनताको भवना अनुसार संघियता , समावेशी, लोकतन्त्र प्राप्त गर्न संघर्ष र अन्दोलनको मोर्चामा होमिएर एउटा युग-परिवर्तनकारी भुमिका खेल्दै स्थानिय सरकारको उपाध्यक्षको भुमिकामा रहँदा देश परिर्वतनका लागि जिवन बलिदान गर्नुहुने शहिदहरु ,घाइते अपाङ्ग बेपता नागरिकहरुले देखेका सपना र जनचाहनाहरु बजेट बक्तव्यमा प्रतिविम्वित गर्ने प्रयास गरेको छु।जनयूद्ध संयुक्त जनअन्दोलन मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप मुलुकमा गणतन्त्र, संघियता ,धर्मनिरपेक्षता, समानुपातिक समावेशीता मौलिक हक अधिकारहरु लगायतका केहि महत्वपुर्ण जनअधिकार स्थापनाको लागी संघिय गणतन्त्रात्मक संविधान निर्माणको लागि आन्दोलनको क्रममा आफ्नो जिवन बलिदान गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । घाइते ,अपाङ्ग तथा बेपता नागरिकहरु प्रती उच्च सम्मान र परिवारजनमा गहिरो सहानुभुति ब्यक्त गर्दछु ।

<u>आदरणीय सभाका अध्यक्षज्यू-</u>

<u>सभाका सदस्यज्यूहरु,</u>

स्थानीय सरकार स्थापना भइसकेपछी दोश्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको स्थानीय सरकारको कार्यकाल पनि ३ आर्थिक वर्ष व्यतित भइसकेको अवस्था छ । यो अवधिमा किस्पाङ गाउँपालिका भित्र भौतिक पूर्वाधार विकासको अवस्था सवल नै भए पनि सामाजिक पूर्वाधारको क्षेत्रमा केहि खुट्किलाहरु तय भएको छ।गाउँमा बस्न नचाहने मानिसको वितृष्णा उजागर गरी कृषि तथा पशुपालन क्षेत्रमा जोड दिनको लागी कृषि तथा पशुपन्छी क्षेत्रमा बजेट लक्षित गरेको छू। सामाजिक न्याय, सामाजिक सूरक्षा, सामाजिक संरक्षण, सामाजिक चेतनाको विकास, श्रम संस्कारको विकास गर्दै लोक कल्याणकारी राज्य व्यवस्था स्थापना गर्नु आजको आवश्यकता रहेको छ । उधमशिलताको विकास मार्फत रोजगारी सृजना गर्दै किस्पाङ गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्दै आत्म निर्भर किस्पाङ निर्माण गर्नु पनि अबको मुख्य अभिभारा रहेको छ । सु-संस्कृत समतामूलक समृद्ध र किस्पाङ निर्माण गर्ने हाम्रो संकल्प, गाउँपालिकावासिको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा व्यक्त गरेका प्रतिज्ञाहरू साथै देखेका सपनाहरू क्रमबद्धरूपमा पुरा गर्ने दिशामा आगामी आ. व. २०८२/०८३ को वार्षिक बजेटलाई लक्षित गरेको छु।शिक्षा नै समाज विकासको मेरुदण्ड हो ।यस क्षेत्रको विकासको लागि नविनतम सोच र परिणाममुखि योजनाहरु बजेटमा समावेश गरेको छु। पर्यटन विकास,दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय पूर्वाधार निर्माण सहीत स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, समतामूलक, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास, श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास, सामाजिक पूर्वाधारको विकास सबै प्रकारका भेदभावको अन्त्य सहीतको समतामुलक समाजको निर्माण मार्फत सु-संस्कृत समतामुलक र समृद्ध किस्पाङको दीर्घकालीन सोच अनुरूप लक्ष्य हासिल गर्न यो वार्षिक बजेट लक्षित रहेको जानकारी गराउन चाहन्छु ।

आदरणीय सभाका अध्यक्षज्यू

सभाका सदस्यज्यूहरु,

आज मितिः२०८३।०३।१० मा किस्पाङ गाउँपालिकाको गाउँसभाको यो चौधौं अधिवेशनमा गाउँपालिका उपाध्यक्षको हैसियतले आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आदरणीय सभाका अध्यक्षज्यू-,

सभाका सदस्यज्यूहरु

सर्वप्रथम म आर्थिक वर्ष २०८२।८३ को बजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८२।८३ को बजेट तर्जुमाका आधारहरु

- नेपालको संविधान, मौलिक हक, राज्यका निर्देशिक सिद्धान्त र नीतिहरु, संघ प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका आधारहरु
- स्थानीय सरकार संचालन ऐन २०७४
- सोह्रौ योजनाको लक्ष्य रणनीति र उद्देश्यहरु
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन
- दिगो विकासका लक्षहरु
- संघीय,प्रादेशिक तथा स्थानीय तहको प्रचलित कानून, नीति, योजना तथा कार्यक्रमहरु
- जनताको विकास र सेवा प्रवाहका अपेक्षाहरु
- स्थानीय आवश्यकता र राजश्वको क्षमता
- विभिन्न विद्वान वर्ग र सरोकारवालाको राय सल्लाह र सुझावहरु

आदरणीय सभाका अध्यक्षज्यू-,

सभाका सदस्यज्यूहरु

किस्पाङ गाउँपालिकाको अर्थतन्त्रका विद्यमान अवसर तथा चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अवसरहरु

- सांस्कृतिक विविधता र विविधता भित्रको एकता र सहिस्णुता ।
- पर्यटकीय दृष्टिकोणले महत्वपुर्ण सम्भावना बोकेको भेडा फार्म क्षेत्र दुम्पाङ, गयर फुङफुङ झरना, फिकुरी महादेव, नौघडेरी ,किस्पाङ पोखरी, चामछाप्पा, मनकामना मन्दिर ,लुम्बुडाडाँ आदि जस्ता पर्यटकीय धार्मिक र सास्कृतिक स्थानहरु रहेको
- पूर्वाधार विकासको सबल अवस्था
- उच्च मूल्ययुक्त बालिहरु कफी, किवी, अलैची, ओखर, स्याउ, जडिबुटी, चिराइतो, सतुवा, लौठसल्ला, धसिङ्गारे र गाइभैसि, भेडाबाख्र जस्ता पशुपालन तथा रेम्बो ट्राउट माछा पालनको लागि प्रचुर सम्भावना ।
- पर्यटन विकासको प्रचुर सम्भावना
- गणेश, लाङटाङ लगायतका हिमश्रृंखलाहरुको मनमोहक दृष्य हेर्न सकिने ।
- मानव संसाधनको प्रचुर उपलब्धता ।

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुवाकोट, बागमती प्रदेश, नेपाल २०७३

विद्यमान चुनौती

- दिगो र सर्वसुलभ भौतिक पूर्वाधार, श्रम संस्कृतिको विकास मार्फत समृद्ध किस्पाङ निर्माण गर्नु ।
- परम्परागत कृषि तथा पशुपन्छी व्यवसायलाई आधुनिकीकरण गरी व्यवसायिकरण गर्नु
- सामाजिक पूर्वाधारको विकास मार्फत सामाजिक चेतना अभिवृद्धी गर्नु ।
- सवै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सामाजिक न्यायमा आधारीत समता मुलक समाज निर्माण गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नु ।
- गाउँपालिकाको कच्ची सडकहरुलाई क्रमःश स्तरोन्नती गर्दै लैजानु ।
- उद्यमशीलताको विकास, स्वरोजगारी र रोजगारी मार्फत गरिवी निवारण गर्नु ।
- संस्थागत सुशासन प्रभावकारी तुल्याउनु ।
- दिगो विकास, जलवायु अनुकुल विकास, लैङ्गिक उत्तरदायी विकासको अवधारणालाई प्राथमिकीकरण गर्नु ।

आदरणीय सभाका अध्यक्षज्यू-,
सभाका सदस्यज्यूहरु ।

अव म आर्थिक वर्ष २०८२।८३ को बजेटको प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**आगामी आर्थिक वर्षको बजेट कार्यक्रमका प्राथिमिकताहरु**

- सामुदायिक विद्यालयको गुणस्तरमा सुधार र सर्वसुलभ शिक्षा ।
- कृषि, पशुपन्छि तथा मत्स्य प्रवर्द्धन तथा विकास।
- श्रम संस्कृतिको विकास, उद्यमशिलता विकास मार्फत स्वरोजगारी र रोजगारी सृजना ।
- परम्परोगत र घरेलु उत्पादनलाई प्रोत्साहन ।
- सामाजिक सुरक्षा र संरक्षण, सामाजिक न्याय र समानता ।
- किस्पाङ पर्यटन प्रवर्द्धन तथा विकास ।
- सुशासन र संस्थागत क्षमता अभिवृद्धि ।
- पारदर्शि र जवाफदेही शासन, हेलो क्रिस्पाङ टेलिफोन हटलाइन सेवा संचालन ।
- ज्येष्ठ नागरिक एकल महिला र आमाबाबु विहिन तथा टुहुरा बालबालिकाको विशेष संरक्षण।

आदरणीय सभाका अध्यक्षज्यू-,
सभाका सदस्यज्यूहरु ।

अव म आर्थिक वर्ष २०८२।८३ को बजेटको अपेक्षित उपलब्धिहरु प्रस्तुत गर्न चाहन्छु ।

अपेक्षित उपलब्धिहरु

- किस्पाङ बहु-प्राविधिक शिक्षालयको प्रभावकारी संचालन मार्फत गाउँपालिका भित्र प्राविधिक जनशक्ति उत्पादनमा वृद्धि हुने ।
- पशुपन्छि उपचारलाई सरल र सहज बनाउन पशु ल्याब स्थापन गरी किसानलाई गुणस्तरीय सेवा प्रवाह हुने ।

- कृषि क्षेत्रको विकासको लागि गाउँपालिका स्तरीय कृषि प्रोफाइल निर्माण गरी मौसमी/बेमौसमि हावापानि सुहाउँदो बालि तथा फलफुलको विकास गरी कृषकको आयआर्जनमा विकास हुने ।
- शिक्षा क्षेत्रको विकासको लागि तालिम ,अभिमुखिकरण,अतिरिक्त क्रियाकलाप संचालन ,विद्यार्थी डायरि मुल्याङकन तथा शैक्षिक सुध्रिकरण कक्षा संचालन गरी शिक्षा क्षेत्रको विकास हुने।
- संस्थागत क्षमता अभिवृद्धि र सुशासन कायम गर्न सवै वडा कार्यालयहरुको आवश्यकता अनुसार भौतिक तथा संस्थागत क्षमाता विकास हुने ।
- संघिय समपुरक बाट गोङ्गा भञ्याङ फकुरी पर्यटकिय पुर्वाधारको विकास गरी प्रवर्द्धन हुने ।
- नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरी संक्रामक रोगहरुको संक्रमण रोकथाम तथा नियन्त्रण गरिने, ज्येष्ठ नागरिकको घरदैलोमानै पुगेर नियमित स्वास्थ्य परिक्षण गर्न कार्यक्रम संचालन हुने ।
- सुशासन र सेवा प्रवाहको प्रभावकारीताका लागि सवै कर्मचारी, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुसंग कार्यसम्पादन सम्झौता हुने ।
- वार्षिक बजेट लैङ्गिक रुपमा उत्तरदायी हुने ।
- विपन्न नागरिक, सहिद परिवार, द्वन्द पिडित, ज्येष्ठ नागरिक, एकल महिला, टुहुरा बालबालिका र अपांगता भएका व्यक्तिहरुको विशेष संरक्षण हुने ।
- किस्पाङ कृषि रुपान्तरण परियोजना संचालन गरी ३० महिना भित्र प्रत्यक्ष वा अप्रत्यक्ष गरी कृषि तथा क्षेत्रमा करिव ३ हजार रोजगार सृजना हुने ।
- रैथाने भाषा संस्कृति र किस्पाङको मौलिक कला साहित्य र संस्कृति संरक्षण हुनुका साथै सामाजिक चेतना अभिवृद्धि मार्फत न्याय र समानतामा आधारीत समाज निर्माण हुने ।
- दिगो सर्वसुलभ र गुणस्तरीय भौतिक पूर्वाधार विकास हुने ।
- सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार भई बालमैत्री शिक्षामा सुधार हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको निर्माण गर्न सामुदायिक शिक्षामा आमुल परिवर्तन हुने ।

<u>आदरणीय सभाका अध्यक्षज्यू-,</u>
<u>सभाका सदस्यज्यूहरु</u> ।

अध्यक्षज्यूबाट प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम अनुसार चालु वर्षको समिक्षात्मक विवरण र आ.व.२०८२/८३ को बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

चालु आर्थिक वर्ष २०८१।८२ को बजेटको समिक्षा विवरण

गत आर्थिक वर्ष २०८०।८१ को यथार्थ आय ३४ करोड ११लाख १९ हजार ७०१ रुपैया पैसा ५६ मात्र र यथार्थ व्यय ३३ करोड १३ लाख ७५ हजार ७ सय १७ रुपैया र ८८ पैसा मात्र भएको जानकारी गराउन चाहन्छु । कुल अनुमानको७१.३९प्रतिशत खर्च भएको छ। चालु आर्थिक वर्ष २०८१।८२ मा कुल ४६ करोड ८५ लाख ९८ हजार ५ सय १ रुपैया बजेट विनियोजन भएकोमा हाल सम्मको खर्च २४ करोड ३१ लाख २६ हजार ९ सय १७ रुपैया ४पैसा गरी जम्मा बजेटको करिब ५२ प्रतिशत खर्च भएको देखिन्छ । र सृजना भएको दायित्व अनुसार करीब ५ करोड ७५ लाख ९९ हजार ९ सय ९३ रुपैया छयालिस पैसा मात्र रकम अ.ल्या.भइ आगामी आ.व.मा आम्दानी हुने अनुमान गरेको छु

।असार मसान्त सम्मको संशोधित आयव्ययको अनुमान र आगामी आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय र प्रस्तावित व्ययको विवरण अनुसूचीमा उल्लेखित गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यूहरु**

अव म विषय तथा क्षेत्रगत विकासका वार्षिक मुख्य कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।

**स्वास्थ्य तथा सरसफाई कार्यक्रम**

१. गाउँपालिका भित्र गुणस्तरीय र आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि पाँचवटै वडाका स्वास्थ्यचौकीहरुबाट सेवा प्रदान गर्ने गरी एम.बि.बि.एस डाक्टर र स्वास्थ्यकर्मि व्यवस्था गर्नको लागि रकम रु ३२ लाख बजेट विनियोजन गरेकोछु ।

२. **अध्यक्ष संग ज्येष्ठ नागरीक स्वास्थ्य कार्यक्रम** मार्फत ७० बर्ष नाघेका, असक्त गर्भवती, दिर्घरोगी, अपाङ्ग भएका व्यक्ति र स्वास्थ्य संस्था पहुँचमा पुगन्न नसकेका व्याक्तिलाई नियमित परिक्षण ,परामर्श ,प्यालिटप केयर र उपचारका साथै घरदैलोमा नै गाई आवश्यकता वा मसिक १ पटक स्वास्थ्य परिक्षण, समुदाय स्तरमा जन स्वास्थ्य सचेतना कार्यक्रम तथा ३० बर्ष नाघेकालाई समुदाय स्तरमानै स्वास्थ्य परिक्षणको व्यवस्थापनक लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

३. दलित र विपन्न नागरिकको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिइ यसको दायरा वृद्धि गर्दै पालिका भित्रका सबै दीर्घरोगी र अति विपन्न नागरिकहरुको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चाल गर्ने गरी स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित बनाउन आवश्यक क्रियाकालपाहरु संचालन लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

४. जिरो होम डेलिभरीको लक्ष्य सहित सबै स्वास्थ्य चौकीहरुको सेवालाई किशोर किशोरी मैत्रि बनाउनको लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।

५. सबै वडाको जनसंख्याको विवरण लिन घरधुरी सर्वेक्षण गरी नियमितरुपमा गाउँपालिकाको जन संख्या विवरण राखिन आवश्यक बजेट विनियोजन गरेकोछु ।

६. स्वास्थ्यचौकीहरुबाट उपलब्धहुने ल्याब परिक्षण सेवाहरु मध्ये तोकिएको सेवाहरु नि शुल्क गरी ल्याव संचालन नभएको स्वास्थ्य संस्थाहरुबाट पनि ल्याव परिक्षण सेवा संचालनका लागि आश्यक व्यावस्थापन का लागि रकम रु २ लाख ५० हजार बजेट विनियोजन गरेकोछु ।

७. सबै वडाहरूमा आँखा शिविर र नसर्ने रोगलाई न्यूनीकरण गर्न स्वास्थ्य प्रर्वधनात्मक, निदानात्मक, उपचारात्मक सेवामा विशेष जोडदिन आवश्यक रकम विनियोजन गरेकोछु ।

८. **"स्वस्थ आमा स्वस्थ समाज"** कार्यक्रमको प्रभावकारीताका लागि सुनौला हजार दिनका महिला तथा बालबालीकाको पोषणलाई मध्यनजर गर्दै फोलिक एसिड, क्याल्सियम तथा गर्भवती पोषण खर्च र सुत्केरी पोषण खर्च उपलब्ध गराउनको लागी रकम रु ४ लाख विनियोजन गरेको छु

९. स्वास्थ्य आमासमूहको क्षमता विकास सशक्तीकरण मार्फत आमास्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन महिला समुदायिक स्वास्थय स्वमं सेविका तथा स्वास्थ्य कर्मी परिचालन गर्न रकम रु ५लाख २०हजार बजेट विनियोजन गरेकोछु ।

१०. बर्ष भरीनै आधारभुत स्वास्थ्य सेवाका लागि आवश्यक औषधी तथा औषधी जन्य समाग्रीहरुको व्यवस्थापन गर्न ,किस्पाङ गाउँपालिकाका जनताहरूलाई सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी यौन प्रजनन स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य लगायतका स्वास्थ्य सेवा सम्बन्धित स्वास्थ्य चौकीबाट

नियमित चुस्त-दुरूस्त सेवा प्रवाह गर्न थप केही औषधि र औषधी जन्य समाग्री व्यवस्था गर्नको लागी रकम रु १० लाख बजेट विनियोजन गरेकोछु ।

११. गाउँपालिकामा नै प्राप्त हुने पोषिलो खाना प्रवर्धनको लागि समुदाय स्तरमा जनचेतनामुलक कार्यहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१२. हाल बढीरहेको मानसिक रोग न्यूनीकरण गर्न मनोसामाजिक परामर्श तथा स्वास्थ्य सेवा वडा स्तरमा उपलब्ध गराउनको लागि आवश्यक क्रियाकलापहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१३. २४ घण्टा प्रसुती सेवामा संलग्न नर्सिङ कर्मचारी, स्वास्थ्य कर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको मनोबल उच्च राख्न प्रोत्साहानको व्यवस्था गरीने छ । समयानुकुल अध्ययन अवलोकन भ्रमण, तालिम तथा अन्य अवसरहरु सिर्जना गर्न आवश्यक रकम रु १ लाख बजेट विनियोजन गरेकोछु ।

१४. विपद तथा अन्य महामारी व्यवस्थापका लागि आश्यक व्यवस्थापन तथा वृहत स्वास्थ्य सचेतना अभियान कार्यक्रम संचालन गरी समुदाय स्तरामा रोकथामका लागि आवश्यक क्रियाकालापहरु संचालन गरिने छ । द्रत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राखिने छ । Health Contingency Plan बमोजिमका तयारी तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१५. किस्पाङ नागरिक आरोग्य सेवालाई थप प्रभावकारी बनाई समुदाय स्तर सम्म योग ध्यान सम्बन्धी ज्ञान सिप र अवधाराण विकाश सम्बन्धी क्रियाकलापहरु संचालन गर्न आवश्यक रकम रु ३लाख बजेट विनियोजन गरेकोछु ।

१६. गाउँपालकामा संचालनमा रहेको एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी भएकोले समयानुकुल सुधारका साथै सबै माध्यामिक तथा बिद्यार्थी संख्या धेरै भएका विद्यालयहरुमा विस्तारको लागि आवश्यक पहल, समन्वय र सहकार्य गरि थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१७. प्रत्येक वडाहरुमा विशेषज्ञ सहितको स्वास्थ्य सिविर संचालनको लागि सरकारी तथा गैर सरकारी संस्थाहरु संग समन्वय सहकार्य गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१८. प्रजनन् रुग्णता भएका महिलाहरुलाई विशेष उपचार तथा स्याहारको लागि आवश्यक सहजीकरण गरी। पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि सबै स्वास्थ्य संस्थाहरुमा भि.आई.ए. जाँचको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

१९. बेवारिसे तथा अति बिपन्न नागरीकहरुलाई आकस्मिकरुपमा स्वास्थ्य उपचारका लगि प्रेषणका लागि आवश्यक व्यावस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

२०. गाउँपालिकामा ५ शैयाको अस्पताल निर्माण कार्यको लागि आवश्यक क्रियाकलापहरु संचालन गर्न ।अन्य स्वास्थ्य संस्थाहरुको पुर्वधार विकासमा विशेष जोड दिई सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी र सेवा ग्राहीमैत्री बानाउन । स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड बमोजिम मुल्याङ्कन र समिक्षा गरी सो अनुसार आवश्यक क्रियाकलपाहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

२१. पोषण मैत्री स्वास्थ्य संस्था र पोषण मैत्री स्थानीय तह बनाउनका लागि तोकिएका सुचकहरु पुरा गर्नका लागि आवश्यक कार्यहरु गरी घोषणका लागि आवश्यक तयारी गरि। बहुक्षेत्रीय पोषण योजना कार्यन्वयनको लागि एकिकृत पोषण कार्यक्रमलाई समुदाय स्तर सम्म संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

२२. अभिलेख तथा प्रतिबेदनलाई चुस्त बनाउनको लागि मासिक प्रगति समिक्षा, नियमित डटा भेरिफिकेशन साथै ( Routine Data Quality Assessment ) लाई नियमित रुपमा संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. जनस्वास्थ्य विश्लेषण गरी नविनतम् कार्यहरु संचालन गर्न । सबै स्वास्थ्य चौकीहरुमा पेपर लेस अवधाराणा अनुसार ई हेल्थ रेकर्ड शुरु गरी तथ्याङ्क व्यवस्थापन को आवश्यक बजेट विनियोजन गरेकोछु ।

२४. स्वास्थ्य संस्था तथा अन्य स्थान बाट उत्पादन हुने फोहोर मैला व्यावस्थापन सम्बन्धम आवश्यक क्रियाकालापहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

२५. पत्रु खाना नियन्त्रण सम्बन्धमा खाजा, मेला तथा अन्य स्थानहरुमा स्थानीय स्तरमा उत्पादन हुने खाने कुराहरुलाई प्रोत्हान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. किस्पाङ गाउँपालिका भित्र प्रयोगमा आईरहेका खाने पानीको गुणस्तर चेक जाँच गर्न ,महिलाहरूको पाठेघर स्क्रिनिङ, आँखा शिविर, प्रोस्टेट लगायतका स्वास्थ्य समस्याको स्क्रिनिङ र अन्य शिविरहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

आधारभूत स्वास्थ्य सेवा प्रवाह, जनशक्ति व्यवस्थापन र स्वास्थ्य सेवा सुदृढीकरण, जनशक्तिको क्षमता विकास समेतको लागि स्वास्थ्य तथा सरसफाई तर्फ कुल रु.८० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**
**शिक्षा युवा तथा खेलकुद**

१. सामुदायिक विद्यालयहरुवीच शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रतिस्पर्धात्मक भावनाको विकास गर्न उत्कृष्ट विद्यालय, शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीलाई पुरस्कृत गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२. सामुदायिक विद्यालयहरुवीच शैक्षिक गुणस्तर र शैक्षिक सुधारको लागी रुम टु रिड संग साझेदारी कार्यक्रम संचालनको लागी आवश्यक बजेट रकम रु१५ लाख विनियोजन गरेको छु ।

३. शिक्षाको माध्यमबाट सभ्य, स्वस्थ, सु-संस्कृत, सदाचार र नैतिकतामा आधारित, समृद्ध र समतामूलक समाजको निर्माणमा जोड दिइ विद्यालय शिक्षालाई गुणस्तरीय, प्रभावकारी, सर्वव्यापी, जीवन उपयोगी, प्रतिस्पर्धी, सिपयुक्त, व्यवहारिक, प्रविधिमैत्री रोजगार मूलक र उत्पादनमुखि बनाई देश विकासको विभिन्न क्षेत्रमा आवश्यक पर्ने मानव संशाधन निर्माणको आधारशिला तयार गर्न लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

४. सामुदायिक विद्यालयहरु वीच शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रतिस्प्रधात्मक भावनाको विकास गर्न उत्कृष्ट विद्यालय र विद्यार्थीलाई पुरस्कृत गर्न लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

५. प्रधानाध्यापकहरुलाई उत्प्रेरित गर्दै सामुदायिक विद्यालयको व्यवस्थापकीय क्षमतालाई प्रभावकारी बनाउन प्रधानाध्यापकहरुको मासिक भत्ता र बैठक भत्ता वृद्धि गरिनेछ साथै मासिक इन्धनको लागि आवश्यक लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

६. जेहेन्दार छोरीहरुको लागि उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गरी सभ्य र समता मूलक समाज निर्माण गर्न लक्षित वर्ग उच्च शिक्षा अध्ययन अनुदान लागि आवश्यक छात्रवृत्तिको लागि रकम रु २ लाख बजेटको व्यवस्था गरेको छु ।

७. विद्यार्थीहरुको क्षमता वृद्धि गर्न अतिरिक्त क्रियाकलाप थप प्रभावकारी बनाउन गाउँपालिकामा, संगित नृत्य र खेलकुद शिक्षक को लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८. विद्यालयमा महिलामैत्री वातावरण सृजना गर्न स्यानेटरी प्याड वितरण र सोको उचित प्रबन्ध मिलाउनको लागि आवश्यक बजेट व्यवस्था गरेकोछु ।

९. **"प्राविधिक तथा उत्पादनमुखी शिक्षा, समृद्ध किस्पाङको इच्छा"** भन्ने नारालाई मूर्तरूप दिन प्राविधिक शिक्षालाई जोड दिन किस्पाङ बहु प्राविधिक शिक्षालय संचालन व्यवस्थापनको लागि रु २५ लाख रकम विनियोजन गरेको छु ।

१०. किस्पाङको मौलिकता सुहाउँदो र उत्पादनमुखी शिक्षालाई प्रोत्साहन गर्न स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाइको लागि रु ५ लाख रकम विनियोजन गरेकोछु ।

११. कला, साहित्य र संस्कृतिको प्रवद्धन गर्न साहित्यिक बुलेटिन र सङ्गीत वाद्यवादनका सामाग्रीहरूको व्यवस्थापन गर्न र सामुदायिक विद्यालयमा कम्प्युटर प्रविधि ,आइ.सि.टी. लगाएत व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. परीक्षालाई मर्यादित र गुणस्तरीय बनाउन कक्षा ४ देखि ९ सम्म सम्पूर्ण परीक्षा व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१३. आवश्यकताका आधारमा सामुदायिक विद्यालयहरुलाई शैक्षिक सुधार कार्यक्रम, विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन भौगोलिक जटिलता र विद्यालयको दुरीको विषयलाई मध्येनजर गर्दै ज्ञानज्योती माध्यमिक विद्यालयमा विद्यालय बस संचालन गर्न १० लाख बजेट विनियोजन गरेको छु ।

१४. अति विपन्न टुहुरा बालबालीकाहरुलाई थप स्टेश्नरी वितरण र छात्रवृत्तिको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१५. भौतिक पुर्वाधारको दृष्टिकोणले कमजोर अवस्थामा रहेकोमा बागमती प्रदेशको समन्वयमा जल्जुखोला माध्यमिक विद्यालयको पुर्वाधार विकास गर्न ४० लाख र पञ्चलिङगे मा वि छात्रावास तथा घेरावारको लागि रु १५ लाख बजेट ब्यावस्था गरेको छु ।

१६. यूवा क्लब परिचालन र राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम सञ्चालन र विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिभाको पहिचान गर्न विभिन्न अतिरिक्त क्रियाकलाप र खेलकुदको एकीकृत कार्यक्रम संचालन गर्नको बजेट ब्यावस्था गरेको छु ।

१७. युवाहरुमा सकारात्मक सोच र उत्प्रेरणा अभिवृद्धि गर्न र युवा उद्यमशिलता विकास गर्न र युवाहरुको प्रतिभालाई कदर गर्न किस्पाङ प्रतिभा खोज कार्यक्रम संचालन को लागी रु १०लाख **बजेट विनियोजन गरेको छु ।**

१८. सार्वजनिक सेवा प्रवेशमा युवाहरुलाई प्रोत्साहन गर्न लोकसेवा तथा शिक्षकसेवा आयोगको तयारी कक्षाहरु संचालन गर्न आवश्यक रकम रु ५ लाख विनियोजन गरेको छु ।

सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रमको व्यवस्था,कार्यरत कार्यालय सहयोगी, बाल विकास शिक्षक तथा लेखापालहरुको पारिश्रमिक लगायतका शिर्षकहरुलाई निरन्तरता दिदैं शैक्षिक गुणस्तर सुधार गरी सामुदायिक

विद्यालय प्रति विश्वाशको वातावरण सृजना गर्न विद्यालय प्रभावकारी सञ्चालनको लागि रु.१ करोड २३ लाख रकमको विनियोजन गरेको छु।

खलकुद क्षेत्रको विकास र प्रवर्धनको लागि रु २० लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**

**सभाका सदस्यज्यू हरु**

**कृषि तथा पशुपन्छी विकास**

१. कृषकहरूलाई प्राविधिक सेवाको पहुँच सहज बनाउन प्रत्येक वडामा कृषि तथा पशु सेवा केन्द्र मार्फत प्राविधिक सेवा र अत्यावश्यक सामाग्री व्यवस्था गरी थप प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२. कृषि बालीको रोग निदानको लागि प्रत्येक वडामा प्रत्येक महिना बाली उपचार शिविर संचालनको लागि ५ लाख ५० हजार बजेटको विनियोजन गरेको छु ।

३. माटोको गुणस्तर अभिवृद्धि गर्न माटो परीक्षण शिविरको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४. किसानहरुले उत्पादन गरिरहेको र थप उत्पादन वृद्धि गर्न उत्पादनमा आधारित दुध बिक्री वितरणमा अनुदान निरन्तरताको लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।

५. भेडा पालनलाई प्रोत्साहित गर्न युवा लक्षित भेडा पालन तथा भेडा विकास प्रवर्धन कार्यक्रम संचालन गरि भेडा प्रंवर्धनको लागि आवश्यक बजेट रु ३ लाख ५० हजार बजेट व्यवस्था गरेकोछु।

६. किस्पाङ गाउँपालिकाको भुगोल र हावापानि अनुसारको उच्च मुल्य युक्त वालि विकास कार्यक्रम अन्तर्गत कुरीलो खेति प्रवर्द्धन कार्यक्रम र अलैचि खेति प्रवर्द्धनको लागी १०/१०गरी रकम रु २० लाख बजेट व्यवस्था गरेको छू।

७. पशुपन्छि उपचारलाई सरल र सहज बनाउन पशु ल्याब स्थापन गरी किसानलाइ गुणस्तरीय सेवा प्रवाह गर्न पशुपन्छि रोग नियन्त्रणका लागि प्रयोगशाला स्थापनाको लागि रुकम रु १० लाख व्यवस्था गरेको छू ।

८. कृषि र पशुविज्ञानको प्राविधिक शिक्षा अध्ययनको लागि आवश्यक छात्रवृत्तिकोलागि रकम रु २ लाख विनियोजन गरेको छु ।

९. धान, गहुँ र मकै जस्ता बालीहरूको उत्पादनमा जोड दिन उन्नत बीउको व्यवस्थाको लागि. आवश्यक बजेट विनियोजन गरेकोछु ।

१०. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम सञ्चालनगर्न आवश्यक बजेट व्यावस्था गरेकोछु ।

११. नियमित बाली संरक्षण तथा आकस्मिक बाली संरक्षणको लागि आवश्यक विषादीको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१२. सिंचाई सुविधा उपलब्ध नभएको क्षेत्रमा वर्षभरी नै सिंचाई गर्ने गरी आवश्यक पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट रु १० लाख व्यवस्था गरेकोछु ।।

१३. कृषकको लगानीलाई आर्थिक जोखिमबाट सुरक्षित बनाउन र पशुधन संरक्षण गर्न पशु तथा बाली वीमालाई प्रोत्साहन गर्न, पशुपन्छि सम्बन्धी महामारी नियन्त्रण तथा रोकथाम (लम्पी, रेविज) को लागि आवश्यक भ्याक्सिन, शिविरहरू सञ्चालन गर्न साथै कृषकहरूको टोल टोलमा नै पहुँच हुने गरि पशुपंक्षी स्वास्थ्य घुम्ती शिविर सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४. स्वदेशमा नै रोजगारी सृजना हुने गरी व्यवसायिक गाई तथा भैंसीपालन, उन्नत पशु पालन गरि उत्पादकत्वमा वृद्धि गर्न गर्नको लागी भैंसि/पाडी प्रवर्धन कार्यक्रमको आवश्यक बजेट रु १०. लाख व्यवस्था गरेको छु।

१५. कृषकहरूलाइ प्राविधिक सेवा पहुँच सरल र सहज बनाउन प्रत्येक वडामा प्राविधिक सेवा सहित वडा सेवा केन्द्रबाट नै अत्यावश्यक पशु औषधी निःशुल्क रूपमा वितरण गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

१६. पशुपन्छि सम्बन्धी समस्या निदानको लागि गाउँपालिकाबाट पशु चिकित्सक(डाक्टर), प्रयोगशाला, उपचार, परामर्श, आवश्यक यन्त्र, उपकरण तथा ल्याव सहितको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७. नक्ष सुधारको लागि कृतिम गर्भाधान कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. किसानहरुलाई दुधजन्य उत्पादनमा व्यवसायिक तथा आत्मनिर्भर बनाउन व्यवसायिक फर्महरु संचालन गरि नयाँ दुध डेरी स्थापना लागि आवश्यक बजेटविनियोजन गरेको छु ।

१९. स्वदेशमा नै रोजगारी सृजना हुने गरि महिला, दलित, युवा लक्षित, व्यवसायिक बाखा, गाईभैंसी, कुखुरा, बंगुर फर्महरू विकास र विस्तार गरि उन्नत पशुपालनलाई जोड दिइ उन्नत पशु आहारा व्यवस्थापन तथा वर्षे घाँसको बीउ तथा बिरुवा व्यवस्थाको बारेमा थप जानकार हुन आवश्यक भ्रमण तथा तालिमको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

२०. डिप्लोमा कृषि/पशु सम्बन्धी प्राविधिक शिक्षा अध्ययन गर्ने गरीब तथा जेहेन्दार विधार्थीहरुको लागि पूर्ण वा आंशिक छात्रवृत्तिलाई निरन्तरता दिएको छु ।

२१. कृषि तथा पशुपन्छिको तथ्याङक सजिलै उपलब्धका लागि गाउँपालिकास्तरीय कृषि प्रोफाइल निर्माणको लागि रकम रु २ लाख विनियोजन गरेको छू ।

२२. पशुहरुको उत्पादनमा कमि आउन नदिन थुनेलो/बाझोपन जस्ता रोगहरु निवारण गर्न "थुनेलो/बाझोपन निवारण शिविर" संचालनको लागि आबश्यक बजेटको विनियोजन गरेको छु ।

२३. व्यवसायिक रुपमा भेडा बाखापालन लाई व्यवस्थित गर्न खर्क सुधार र चरन व्यवस्थापनको आवश्यक बजेट व्यवस्थापन गरेको छू।

चक्लावन्दी खेती, एक वडा एक नर्सरी,कृषि यान्त्रिकिकरण अनुदान मार्फत कृषि क्षेत्रको विकास गरी स्वरोजगार सृजना गर्न र कृषि उपजको उत्पादन र बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाएको छु ।प्रत्येक वडामा रहेका कृषि सेवा केन्द्र प्रभावकारी रुपमा सञ्चालनको लागि भएका आवश्यक कर्मचारीहरु परिचालन गरी समग्र कृषि क्षेत्रको विकासको लागि संघीय सशर्त/प्रदेश कार्यक्रम बाहेक स्थानीय तहवाट रु.६० लाख र पशु विकास तथा पशु जन्य उत्पादन प्रवर्द्धन, बजारीकरण, क्षमता विकास, नक्ष सुधार, डाक्टर सहित पशुपंछी स्वास्थ्य प्रयोगशाला सेवा,वडा कार्यालय वाट पशु प्राविधिक सेवा र अत्यावश्यक औषधी,

माहामारी नियन्त्रण तथा प्राविधिक सेवा टेवा कार्यक्रम सञ्चालनको लागि पशुपंन्छी तथा मत्स्य विकास तर्फ रु.६२लाख विनियोजन गरी जम्मा १ करोड २२ लाख विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

**रोजगार/लघु उद्यम विकास**

१. **"श्रमको सम्मान, गरिवी निवारण, समृद्ध किस्पाङ हाम्रो अभियान"**को नारालाई श्रम सहभागिता संग जोड्न कामका लागि नगद कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२. **रोजगार कार्यक्रम संचालनको लागी साझेदारी कार्यक्रम संचालन गर्न रकम रु १७ लाख ७२ हजार** विनियोजन गरेको छू ।

३. किस्पाङ को लोकल रक्सि उत्पादन तथा ब्राण्डिङ गरि उद्योग संचालनको लागी कार्यक्रम संञ्चालन गर्न रकम रु ५ लाख विनियोजन गरेको छु ।

४. स्थानीय स्रोत साधनको परिचालन गर्दै बाँसका सामाग्री, झोला बुन्ने, स्यामा तथा तामाङ संस्कृतिका भेष-भूषा तथा पहिरन निर्माण, गलैंचा बनाउने तथा स्थानीय मौलिकता झल्कने सामाग्रीहरूको लघु उद्यम व्यवसाय प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

५. आर्थिक स्तर कम भएका महिला, दलित, युवाहरूलाई लघु उद्यम व्यवसाय मार्फत रोजगारी सृजना गर्न लघु उद्यम सम्बन्धी सीपमूलक तालिम, स्थानीय युवाहरुलाई उद्यमशिल कार्यसंग जोड्न र उद्यमशिलता विकास गर्न सिप विकास तालिम र प्रविधि हस्तान्तरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६. सिपमुलक व्यवसाय सञ्चालन गरिरहेका पुराना लघु उद्यमीहरूलाई थप स्तरोन्नतीका कार्यक्रमहरू सञ्चालन गर्न र परम्परागत काठका ठेकि, पोङ जस्ता सामाग्री उत्पादन गर्ने नवीनतम् सीप र प्रविधि प्रयोग गरि उत्पादन गर्ने लघु उद्यमीहरू सृजना गर्न आवश्यक बजेट रु ५ लाख विनियोजन गरेको छु ।

७. समूहमा व्यवसाय गरिरहेका लघु उद्यमीहरूलाई सामूहिक रूपमा प्रविधिमा सहयोग कार्यक्रमहरू संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८. रोजगार सेवा केन्द्रबाट आ.ब.०८२/०८३ मा कम्तीमा ५० जना सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरी उद्यमशिलता विकास कार्यक्रम संचालन तथा सा मि परियोजना लागत साझेदारि कार्यक्रम लागी रकम रु ५ लाख बजेट विनियोजन गरेकोछु।

१०. **"श्रमको सम्मान राष्ट्रको अभियान"** भन्ने नारालाई सामुदायिक पूर्वाधार निर्माणको लागि बजेट विनियोजन गरेकोछु।

११. गाउँपालिका स्तरीय योजनाहरू कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई उच्च प्राथमिकताका साथ रोजगारी प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

लघु उद्यमको विकास र प्रवर्द्धन गरी स्वरोजगार सृजना गर्न श्रम संस्कृतिको विकास गर्न स्थानीय स्तरमा उद्योग प्रवर्धन गरी रोजगारी सृजना गर्न रोजगार /लघु उद्यम विकास क्षेत्रमा स्थानीय सरकार मार्फत कुल रु. ३२लाख ७२ हजार बजेट विनियोजना गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छु ।

आदरणीय सभाका अध्यक्षज्यू-,
सभाका सदस्यज्यू हरु

<u>पर्यटन विकास</u>

१. पर्यटन विकास र प्रवर्द्धनको किस्पाङ नौघडेरी पर्यटन पूर्वाधार विकासको लागि बागमती प्रदेश सरकारको समन्वयमा आवश्यक बजेट रु ४ करोड व्यवस्था गरेकोछु।
२. आन्तरिक तथा वैदेशिक पर्यटन प्रवर्धन गर्न होमस्टे संचालन गर्न आवश्यक बजेट रु ५लाख विनियोजन गरेकोछु ।
३. संघिय समपुरक बाट गोङ्गा भञ्ज्याङ फकुरी पर्यटकिय पुर्वाधारको विकास गरी प्रवर्द्धनको लागी ५० लाख विनियोजन /५० समपुरक जम्मा १ करोड बजेट व्यवस्था गरेको छु ।

<u>वर्षातबाट क्षति बाटो सरसफाई</u>

गाउँपालिकामा भएको ब्याक हो लोडरलाई तयारिको अवस्थामा राख्नुको साथै आवश्यक इन्धन तथा मोबिल ग्रिजको व्यवस्था गरी वर्षातवाट क्षती भएका सडकहरुलाई तत्काल सञ्चालनको लागि रू. २५ लाख विनियोजन गरेको छु ।

आदरणीय सभाका अध्यक्षज्यू-,
सभाका सदस्यज्यू हरु

<u>वन, वातावरण तथा विपद्व्यवस्थापन</u>

१. वनजन्य उत्पादन बाँस, निगालो, तथा काष्ठ सामाग्रीबाट घरेलु तथा साना उद्योग मार्फत रोजगार सिर्जनागर्न आवश्यक बजेट विनियोजन गरेकोछु।
२. किस्पाङका गाउँपालिकाको सडक क्षेत्रको दायाँ वायाँ र खुला क्षेत्रको भू उपयोग गर्दै फलफुल, घाँस , चिया, अम्रिसो, निगालो लगाएत अन्य प्रजातिका विरुवा रोपण गरी वातावरण र पर्यावरण सुधारको लागि **किस्पाङ हरित अभियान** कार्यक्रम सञ्चालन को लागी आवश्यक बजेट ब्यावस्था गरेको छु ।
३. सुरक्षा नियकायलाई विपद् प्रतिकार्यका न्यूनतम सामाग्री व्यवस्थापन को लागी आवश्यक बजेट ब्यावस्था गरेको छु ।
४. जडीबुटी नर्सरीको विकासमा जोड दिइनेछ किस्पाङ पोखरी, नौघडेरी, नौ घडेरी,चामछप्पा, लुम्बुडाँडा पर्यटन गुरू योजनामा पार्क र वनभोज स्थल निर्माण कार्यलाई निरन्तरताको लागी आवश्यक बजेट ब्यावस्था गरेको छु ।
५. बर्षे खहरे खोलाको बाढीको कारण उत्पन्न मानवीय जोखिम न्यूनीकरण गरी आवतजावत सहजिकरण गर्न झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूसँग सहकार्य गर्न आवश्यक बजेट ब्यावस्था गरेको छु ।
६. गाउँपालिकाको कठिन भौगोलिक अवस्थाले जलउत्पन्न प्रकोप र पहिरो नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण भएकोले नियन्त्रणको लागि बायो ईन्जिनियरिङ र तार जाली कार्यक्रम आवश्यक बजेट ब्यावस्था गरेको छु ।
७. गाउँपालिका स्तरिय विपद् व्यवस्थापन ऐन, राहत र पुनःस्थापना मापदण्ड आपत्कालिन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, विपद् कार्ययोजना, विपद् तथा जलवायु, विपद् जोखिम नक्साङ्कन जस्ता कानून

र योजना निर्माण लागी विपद व्याव्थापन कोष स्थापनाको लागी रकम रु२० लाख बजेट व्यावस्था गरेको छु ।

८. गाउँपालिकामा वडास्तरिय विपद् तथा जलवायु उत्थानशिल समिति गठन गरी सक्रिय रूपमा परिचालन गरिनेछ ।

९. वडामा विपद् व्यवस्थापन समिति तालिम, स्टाक फोर्स गठन, प्राथमिक उपचार र खोज उद्धार तालिम कृतिम घटना अभ्यास र जनचेतनामूलक कार्यक्रम सञ्चालन का लागी आवश्यक बजेट ब्यावस्था गरेको छु ।

१०. वनजन्य उत्पादन बाँस, निगालो, तथा काष्ठ सामाग्रीबाट घरेलु तथा साना उद्योग मार्फत रोजगार सिर्जनागर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

११. सुरक्षा निकायलाई विपद् प्रतिकार्यका लागि आवश्यक न्यूनतम सामाग्री व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

वन, वातावरण तथा विपद्व्यवस्थापन तथा विपद जोखिम न्यूनीकरणको लागि रोकथाम, नियन्त्रण, उपचार राहत आदि कार्यका लागि विपद् व्यबस्थापन कोषमा रु. १३०लाख विनियोजन गरेको छु ।

आदरणीय सभाका अध्यक्षज्यू-,
सभाका सदस्यज्यू हरु

<u>लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम</u>

१. सबै प्रकारका लैंगिक हिंसा र विभेदको अन्त्य गरि लैंगिक तथा घरेलु हिंसा निवारणका लागी महिला शसक्तिकरण र क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२. लैंगिक हिंसापिडितलाई मनोसामाजिक परामर्शका साथै पुर्नस्थापना कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३. लैंगिक हिँसा विरुद्दको निवरण आचरसंहिता निर्माण तथा अभिमुखिकरण कार्यक्रम संचालन गर्न रकम रु ३ लाख बजेट विनियोजन गरेको छु।

४. विपन्न तथा जेष्ठ नागरीक सहयोग कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैंगिक समानता तथा सामाजिक समाबेशीकरण अपाङ्ग परिचय पत्र वितरण र महिला आत्मरक्षा कार्यक्रम हरुको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

६. बालमैत्री स्थानीयतह प्रोत्साहन कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

लै.स.सा.स.महिला, दलित, अपांग र अति विपन्न समुदायलाई स्वरोजगारी सृजना गर्न, सशक्तिकरण गरी विकासको मुलप्रवाहमा ल्याउन तथा जेष्ठ नागरिक र बालबालिका सम्बन्धी कार्यक्रम संचालन गर्नरु. १० लाख रकम विनियोजन गरेको छु ।

आदरणीय सभाका अध्यक्षज्यू-,
सभाका सदस्यज्यू हरु
<u>सुशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम</u>

१. सेवा ग्राहीको हितमा केही सेवाहरु विद्युतीय माध्यमवाट समेत प्रवाह गर्न आवश्यक बजेट व्यवस्था गरेको छू ।

२. गाउँपालिकाको क्षमता विकास योजना अनुरुप जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास कार्यक्रम संचालन गर्नको लागी आवश्यक बजेट व्यवस्था गरेको छू ।

३. स्थानीय न्यायिक समितिबाट हुने न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउँन वडा स्तरमा कानूनी सचेतना कार्यक्रम संचालन गर्न साथै मेलमिलाप कर्ताको कार्यलाई वडा स्तरमा विस्तार गर्न आवश्यक आवश्यक बजेट व्यवस्था गरेको छू ।

४. सार्वजनिक जवाफदेहीता अभिवृद्धि गर्न साथै कर्मचारीहरुलाई कार्यसम्पादनमा निपूर्ण बनाउन कर्मचारी र प्रधानाध्यापकहरु संग कार्यसम्पादन सम्झौता गर्न आवश्यक बजेट व्यवस्था गरेको छू ।

५. सेवाग्राहिको घर दैलोमै सेवा प्रवाह गर्न **एकिकृत घुम्ति सेवा संचालन** को आवश्यक बजेट व्यवस्था गरेको छू ।

६. सुशासन र संस्थागत क्षमतालाई प्रभावकारी बनाउँन वडा कार्यालयको भौतिक संरचना सुधार गर्ने तथा वडा कार्यालय सोलार व्याकअप जडानको लागी आवश्यक बजेट व्यवस्था गरेको छू ।

७. **गाउँपालिकामा सूचना केन्द्र स्थापना** गरी ऐन, नियम, निर्देशिका, कार्यविधि र नीतिगत अभिलेख तथा तथ्याङ्कलाई व्यवस्थापन गर्ने र विकास, प्रशासन, राजनीति, कला, साहित्य आदिका पुस्तकहरू व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरेको छू ।

८. मौलिक, भाषा ,संस्कृति ,संरक्षण तथा प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. संस्थागत स्वमूल्यांकन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा वित्तीय सुशासन जोखिम मूल्याङकन गर्न आवश्यक रकम व्यवस्था गरेको छु।

१०. सूचना तथा अभिलेख व्यवस्था गर्न, संचार प्रविधि मैत्री बनाउने र सूचना केन्द्र व्यवस्थापनको लागि रकम विनियोजन गरेको छु ।

<u>भौतिक पूर्वाधार विकास कार्यक्रम</u>

१. पूर्वाधार विकास नै विकासको मेरुदण्ड भएको महसुस गर्दै पूर्वाधार विकासमा तिनै तहका सरकारवाट प्राथमिकता दिदैं आएकोमा संघीय सरकारसंग समपुरक योजनामा गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरुमा आवश्यक बजेटको व्यवस्था भएको छ । यसको लागि १२ करोड ७७ लाख विनियोजन गरेकोछु ।

२. संघिय समपुरक गोङ्गा भञ्याङ फिकुरी पर्यटकीय पुवार्धार, प्रदेश समपुरक ४ न. वडा कार्यालय भाल्चेबेशि बुस्योङ सडक स्तरोउन्ती ,प्रदेश समपुरक देउरालि डाडा नुपथान,थङसिङ लुङ ठन्डापानि सडक स्तरोउन्ति प्रदेश समपुरक भाल्चेबेसि हुदै १ न वडा कार्यालय सडक स्तरोन्ती जम्मा गरी रकम रु ५करोड ६० लाख बजेट व्यवस्था गरेको छू ।

३. पूर्वाधार विकासलाई दिगो पारदर्शी र जनसहभागिता मूलक बनाउँदै विकासमा प्रभावकारीता अभिवृद्धि गर्न टोल विकास संस्थालाई विकासको आवश्यकता महशुस गर्ने देखी कार्यक्रम सम्पन्न हुँदा सम्मका विभिन्न क्रियाकलापहरुमा संलग्न गराउन आवश्यक बजेट व्यवस्था गरेको छू ।

४. भौतिक पूर्वाधार विकासको लागि सम्पन्न हुन नसकेका अपुरा योजनाहरू, क्रमागत विकास योजना, मुख्य सडक योजना, उत्पादन मूलक योजनाहरूलाई प्राथमिकता दिई सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरेको छू ।

५. जहाँ जनताको संलग्नता त्यहाँ विकासका योजना भन्ने नीतिका साथ केही स्वार्थ समूहको कब्जामा कुनै पनि योजना विनियोजन नहुने र कार्यान्वयन नहुने नीति अनुसार स्थानीय आवश्यकता जन चाहना र जनताको अपनत्वहुने हिसावले मात्र योजना सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

६. खानेपानी, सडक, भवन निर्माण, गोरेटो बाटो, पहिरो नियन्त्रण, सिचाई लगायतको पूर्वाधार निर्माणमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट संविधानको मर्म र भावना अनुरूप साझा अधिकार क्षेत्रमा आपसि समन्वय सहकार्यमा योजना निर्माण, योजना सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

७. पूर्वाधार मर्मत तथा सम्भार कोष नीति तर्जुमा गरी सबै वडाहरूमा वर्षायाममा समेत यातायात सेवा सूचारू गर्न सडक मर्मत सम्भारलाई उच्च प्राथमिकता दिइनेछ र सडक मर्मत र सम्भारको लागि नियमित मर्मतसम्भारकर्ता परिचालनलाई आवश्यक बजेट व्यवस्था गरेको छु।

८. दिगो विकास र सुरक्षाको लागि सडक मापदण्ड कार्यान्वयन गरी नक्सा तथा डिजाईन स्वीकृत तथा अभिलेखिकरण गर्ने कार्यलाई आवश्यक बजेट व्यवस्था गरेको छु ।

९. पूर्वाधार तथा भवन नियमन शाखाको क्षमता बृद्धि गर्न आवश्यक न्युनतम सामग्रीहरूको व्यवस्था गर्नुका साथै आवश्यकता अनुसार कर्मचारीको क्षमता बिकासको लागि तालिम कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

<u>सहकारी विकास कार्यक्रम</u>

१. स्थानीय उत्पादनलाई प्रोत्साहन तथा बजारीकरणको लागि स्थानीय उत्पादनमा आधारित सहकारी हाट बजार संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२. फलफूल तथा तरकारीमा आत्म निर्भर बन्न प्रत्येक वडामा फलफूल तथा तरकारी संकलन केन्द्र संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३. सहकारीहरू सबल, सक्षम र उत्कृष्ट बनाउन सहकारी व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम (कम्प्युटर तालिम) सहकारी व्यवस्थापन तालिम COPOMIS, PEARLS नेतृत्व विकास तथा विविध तालिमको व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

सहकारी क्षेत्रको विकास, विस्तार प्रवर्द्धन तथा रोजगारी सृजना गर्ने खालका कार्यक्रम सञ्चालनका लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**

<u>किस्पाङ गौरव योजना तथा कार्यक्रम</u>

१. प्राविधिक शिक्षाको विकास मार्फत अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक जनशक्ति निर्माण गर्न गाउँपालिकाको आफ्नै लगानीमा संचालित किस्पाङ बहु-प्राविधिक शिक्षालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट रकम रु २५ लाख बजेट विनियोजन गरेकोछु ।

२. कृषि तथा पशु क्षेत्रको विकास मार्फत महिला शसक्तिकरण गरी आत्म निर्भर किस्पाङ निर्माण गर्न किस्पाङ कृषि रुपान्तरण परियोजना (कृषि तथा पशु लागत साझेदारी कार्यक्रम) संचालनको लागि आवश्यक बजेट रु १करोड विनियोजन गरेकोछु ।

३. **"म बनाउछु मेरै किस्पाङ"** भन्ने मूल नाराका साथ पालिकाको विकासमा श्रम सहभागिता बढाउन तथा समृद्धिका सम्पूर्ण आयामहरुमा स्वयंसेवक संस्था परिचालनकोलागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४. स्नातक तह सम्मको शिक्षालाई स्थानीय स्तरमै व्यवस्था गर्न स्थापना गरिएको फिकुरी बहुमूखी क्याम्पस संचालनको लागि क्याम्पस संचालन अनुदानको लागि १५ लाख बजेट विनियोजन गरेकोछु ।

५. परम्परागत तथा घरेलु उत्पादन तथा हस्तकलाका सामाग्रीहरुको प्रवर्धन गर्दै स्वरोजगारीको अवसर वृद्धि गर्न घरेलु उत्पादन तथा हस्तकलाका सामाग्री उत्पादन अनुदान कार्यक्रम संचालन गर्न बजेट रु ५ लाख विनियोजन गरेकोछु ।

६. दुम्पाङ पर्यटकिय पार्क तथा पर्यटकिय सौन्दर्य विकासको लागि आवश्यक बजेट व्यवस्थापन गरेकोछु ।

७. किस्पाङ भित्र लुकेर रहेको विभिन्न प्रतिभाको खोज र सम्मान गर्न **किस्पाङको सान प्रतिभाको सम्मान र किस्पाङ प्रतिभा खोजि कार्यक्रम** संचालन गर्न आवश्यक रकम रु.१० लाख बजेट व्यवस्थापन गरेकोछु ।

८. **अध्यक्ष पालिका आकस्मिक मर्मत सम्भार कार्यक्रम** संचालन गर्ने २५ लाख बजेट विनियोजन गरेकोछु ।

९. हाङकाङसोङ खानेपानी आयोजना मार्फत किस्पाङ गाउँपालिका वडा नं. २ र ५ खानेपानीको समस्या समाधानको लागि खानेपानीको उचित व्यवस्थापनको गर्न आवश्यक रकम रु १० लाख बजेट विनियोजन गरेको छु ।

**आदरणीय सभाका अध्यक्षज्यू-,**
**सभाका सदस्यज्यू हरु**
अब म किस्पाङ गाउँपालिकाको आगामी आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कुल बजेट विनियोजन र आम्दानीका स्रोत अनुमानको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट**

- नेपाल सरकारबाट समानीकरण तर्फ रु. ७,१२००००० ।- (अक्षेरुपी सात करोड बाह्र लाख मात्र)
- नेपाल सरकार बाट सशर्त तर्फ रु. १४,८४,००००० ।- (अक्षेरुपी चौध करोड चौरासी लाख मात्र)
- नेपाल सरकार समपुरक अनुदान तर्फ रु. ५०,००,००० ।- (अक्षेरुपी पचास लाख मात्र)
- नेपाल सरकार राजश्व बाँडफाड तर्फ रु. ७,६४,४८,७९९ ।- ( सात करोड चौसठ्ठी लाख अडचालिस हजार सात सय उन्नसय रुपैयाँ मात्र)
- संघिय सरकार विशेष अनुदान तर्फ रु.८१,००,०००।(अक्षेरुपि एकासी लाख मात्र)
- बागमती प्रदेश सरकार समानीकरण तर्फ रु. ६६,२१,०००।- (अक्षेरुपी छैसठ्ठी लाख एकाइस हजार मात्र)
- बागमती प्रदेश सरकार बाट सशर्त तर्फ रु. २,७१,२३,०००।- (अक्षेरुपी दुइ करोड एकहत्तर लाख तेइस हजार मात्र)
- बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ रु. ६५,००,००० ।- (अक्षेरुपी पैंष्ठी लाख मात्र)

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

- बागमती प्रदेश सरकार समपुरक अनुदान तर्फ रु.२,८०,००,०००।(अक्षेरुपी दुइ करोड असि लाख मात्र)
- बागमती प्रदेश सरकार राजश्व बाँडफाड तर्फ रु. . २४५०४२०७.४५ ।- (अक्षेरुपी दुई करोड पैतालिस लाख चार हजार दुइ सय सात रुपैया चौवन्न पैसा मात्र)
- गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १,४०,००,०००।- (अक्षेरुपी एक करोड चालिस लाख मात्र)
- उल्लेखित स्रोतहरुबाट अपुग हुने रु. ५,७५,९९,९९३.४६।-(अक्षेरुपी ५ करोड ७५ लाख ९९ हजार ९ सय ९३ रुपैया ४६ पैसा मात्र) चालु आ.व. को असार मसान्तसम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट पूर्ति हुने अनुमान गरेको छु ।

आ.व. २०८२/८३ को लागि सम्पुर्ण अनुमानीत आय अनुसार चालु तर्फ रु ३० करोड ६३ लाख ६२ हजार र पूर्जीगत तर्फ १६ करोड ८० लाख ३५ हजार गरी कुल जम्मा रु ४७ करोड ४३ लाख ९७ हजार रुपैया बजेट विनियोजन गरेको छु । विस्तृत विवरणहरु अनुसूचीहरुमा समावेश गरेको छु ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यू हरु**

आर्थिकवर्ष २०८२।८३ को बजेटले वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न प्रभावकारी हुने बिश्वास गरेको छु । यस बजेटले गाउँबासी जनसमुदाय, विकास साँझेदार, निजि क्षेत्र, सहकारी र समुदायमा आधारित संस्थाहरुको अपेक्षा पूरा गर्ने बिश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्न सम्पूर्ण गाउँबासी र सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु ।

**अन्तमा**

किस्पाङ बासीको सम्मृद्धि र सुखको मुख्य दस्तावेज आर्थिक वर्ष २०८२।८३ को वार्षिक बजेट तर्जुमाका क्रममा आफ्नो पदिय भूमिकामा रहि कार्य गर्नुहुने सम्पूर्ण विषयगत समितिका पदाधिकारी, किस्पाङ गाउँपालिकाका कर्मचारीहरू साथै यस नीति तथा कार्यक्रमलाई जनमूखी बनाउन आफ्नो अमूल्य सुझाव प्रदान गर्नुहुने नि-वर्तमान जनप्रतिनिधि, राजनितिक दल, टोल विकास संस्था, विभिन्न समितिहरु, क्लव, संस्था, समूह, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संस्थाका प्रतिनिधि र विभिन्न अधिकारवादी संघ संस्थाका प्रतिनिधका साथै सम्पुर्ण किस्पाङ वासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। ।"

धन्यवाद !